बकैया गाउँकार्यपालिकाको मिति २०७७।०९।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. बालमैत्री कार्यक्रम सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका २०७७ साल माघ मसान्त भित्रमा बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिकाको रुपमा घोषणा गर्न लागिएको सम्बन्धमा हालसम्मका कार्यहरुको समिक्षा गर्दै आगामी दिनका योजनाहरु बारे वृहद छलफल गरियो । साथै घोषणाका लागि गठित विभिन्न समितिहरुको हालसम्मका कार्यहरु बारे मूल्यांकन गर्दै थप सकृयताको साथ कार्य गर्न निर्देशित गरियो ।

२. कर्मचारी पारिश्रमिक सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा अव्यवस्थित भूमि नापजाँचका लागि १ सर्वेक्षक र २ अमिनको करार नियुक्ती गरिसकिएको र थप १ जना सर्वेक्षक, ३ जना अमिन, ७ जना तथ्यांक संकलक तथा १ जना लगत प्रविष्टिकर्ताको करार नियुक्तीको लागि विज्ञापन गरिसकिएकोमा निजहरुलाई तपशिल बमोजिम मासिक तलब उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| सर्वेक्षक | नेपाल सरकारको नियमानुसार सुरु तलब स्केल बराबर |
| अमिन | नेपाल सरकारको नियमानुसार सुरु तलब स्केल बराबर |
| तथ्यांक संकलक | मासिक रु. २०,०००।- |
| लगत प्रविष्टिकर्ता | मासिक रु. २०,०००।- |

३. सवारी साधन खरिद सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा स्वीकृत चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा सवारी साधन खरिदका लागि रु. १०,००,०००।- विनियोजन गरिएकोमा गाउँपालिकाका योजना तथा कार्यक्रमहरुलाई सहज रुपमा सञ्चालन गर्नका लागि थप मोटरसाईकल तथा स्कुटर आवश्यक परेकोले कोटेशन विधिबाट उक्त साधनहरु खरिद गर्ने निर्णय गरियो ।

४. वडा स्वास्थ्य भवन घडेरी व्यवस्थापन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा स्वास्थ्य संस्था भवन निर्माणका लागि प्रकृया अगाडी बढाईएकोमा वडा नं. १० र ११ मा उक्त भवनको लगत अनुमानमा घडेरी व्यवस्थापनका लागि लगत समावेश नगरिएकोमा उक्त घडेरी व्यवस्थापनका लागि लगत अनुमान वडा नं. १० र ११ को क्रमशः १,२०,५७४।७० र १,४९,३५८।७० लाग्ने देखिएकोमा सम्पन्न कार्यको प्राविधिक मूल्यांकनको आधारमा विविध शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

५. १५ शैयाको अस्पताल आधारभूत अस्पताल सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको १५ शैयाको आधारभूत अस्पताल निर्माणको लागि छनौट भएकोमा गाउँपालिका अन्तर्गत रहेको छतिवन प्राथमिक स्वास्थ्य केन्द्रलाई नै १५ शैयाको आधारभूत अस्पतालको रुपमा स्तरोन्नती गरिने हुँदा जिल्ला समन्वय समितिको कार्यालय मकवानपुर मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

दामोदर घलान
अध्यक्ष

Scanned with CamScanner